# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चुरे गाउँपालिका


### कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## चुरे गाउँपालिका
### कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७९

## चुरे गाउँपालिका

## कैलाली


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु ।स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५११ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
चुरे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले चुरे गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड १९ लाख ९४ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२४ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५ लाख १२ हजार, नियमित गर्नुपर्ने रु. २८ लाख र पेश्की रू. ६२ लाख ५७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ८ करोड ७२ लाख ४७ हजार बेरुजु बाँकी रहेकोमा रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ११ करोड ७१ लाख ५९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

चुरे गाउँपालिका, कैलाली

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७९ | ४९ | ३१९९४ | ० | ० | ० | ७९ | ४९ | ३१९९४ | २४२५ | २८०० | २०५१२ | ० | ० | २३३१२ | ६२५७ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चुरे गाउँपालिका, कैलाली | ८७२४७ | ० | २०८२ | ८५१६५ | ० | ३१९९४ | ११७१५९ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चुरे गाउँपालिका, कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नन्द लाल पाण्डेय | २०७८-७-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दीपक कार्की | २०७८-४-२२ | |
| लेखा प्रमुख | भक्त राज भट्ट | २०७८-१०-१० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३१,९९४,७९३.२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,९६,५७,८८८.८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,५५,२१,००० | **चालु खर्च** | २८,२५,८०,०४२.८४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९३,२६,१०० | **पूँजीगत खर्च** | १६,२९,५७,५२५.४९ |
| **राजश्व बाँडफाँट** | ८,४७,६२,५९४.२ | **वित्तीय/अन्य व्यवस्था** | ७,६७,७९,१३४.९३ |
| **आन्तरिक आय** | ४५,६६,६८५.६९ | | |
| **अन्य आय** | ५,८७,०९,००२.२५ | | |
| **कुल आय** | ४९,२८,८५,३८२.१४ | **कुल खर्च** | ५२,२३,१६,७०३.२६ |
| **बाँकी मौज्दात** | | ६,०२,२६,५६७.६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परीचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा,४९३.१८ वर्ग किलोमिटर क्षेत्रफल तथा १८९२४ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग मिति २०७९।१०।१२ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ३ | | | **वित्तीय विवरण परिक्षण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ३.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५००८६८९४.०० र गरिव संग विश्वेश्वर कार्यक्रमको रु.४६४०००.०० समेत गरी रु.५०५५०८९४।० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३.२ | | | **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२३१००१४.२६, यस वर्षको प्राप्ति रु. ६८०११८४१.१, यस वर्षको भुक्तानी रु. ६५०६१६३१.८८ र बर्षान्तको मौज्दात रु.५०००००.० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ९१९६७९०३.०६ | ४२४८७३५४१.०४ | ४५७२५५०७१.४२ | ५९७२६५६७.६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>८९६५७८८८.८</td><td>४९२८८५३८२.१४</td><td>५२२३१६७०३.३</td><td>६०२२६५६७.६८</td></tr>
<tr><td>फरक</td><td>२३१००१४.२६</td><td>६८०११८४१.१</td><td>६५०६१६३१.८८</td><td>५०००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.८६६६७८१६३।६६ अन्तिम मौज्दात रहेकोमा यो वर्ष रु. ८९६५७८८८।८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२९७९७२५।१४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाव पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>श्रेस्ता अनुसार मौज्दात २०७९।३।३२</th><th>बैंक अनुसार मौज्दात २०७९।३।३२</th><th>फरक</th></tr>
<tr><td>१</td><td>आन्तरिक राजश्व खाता</td><td>०.०</td><td>४१२८२८४.७३</td><td>४१२८२८४.७३</td></tr>
<tr><td>२</td><td>बाँडफाँडबाट प्राप्त राजश्व खाता</td><td>०</td><td>३६१२५९४.२०</td><td>३६१२५९४.२०</td></tr>
<tr><td>३</td><td>आन्तरिक अनुदान खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>४</td><td>चालु खर्च खाता</td><td>०</td><td>३३३६०८९६.५५</td><td>३३३६०८९६.५५</td></tr>
<tr><td>५</td><td>पुँजीगत खर्च खाता</td><td>०</td><td>३२५८०६५४.०</td><td>३२५८०६५४.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>विविध खर्च खाता</td><td>९७२७२२.०</td><td>२९८७८८३.५</td><td>२०१५१६१.५</td><td></td></tr>
<tr><td>७</td><td>धरौटी खाता</td><td>३२२९७५९.०</td><td>२९७३४४१.९०</td><td>-२५६३१७.१</td><td></td></tr>
<tr><td>८</td><td>संचित कोष खाता</td><td>५५५२०९६२.४८</td><td>५७९६२८९.७२</td><td>-४९७२४६७२.८</td><td></td></tr>
<tr><td>९</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>३१२४.२०</td><td>३९१५५.२०</td><td>३६०३१.०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>५९७२६५६८.०</td><td>८५४७९२००.०</td><td>२५७५२६३२.०</td><td></td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक रु.२५७५२६३२।० को हिसाव मिलान विवरण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.५</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात श्रेस्ता अनुसार सबै संचित कोष खातामा ट्रान्सफर गरेको देखिएतापनि बैंकमा सम्बन्धित खातामा मौज्दात रहेको देखिएकोले तोकिएको समय भित्रै कोष स्थानान्तरण गरी ऐनमा भएको व्यवस्था परिपालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली:<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सिमा निर्माण समिति र बजेट था कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क)अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन,<br>• कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईए, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भउका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योजदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भउको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २००४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दिपा देवी साउँदले मिति २०७८।३।१० गते रु.४७ करोड ६९ लाख ६७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु. हजारमा)
<table>
<tr><th>क्र.सं.</th><th>बजेट उपशीर्षक</th><th>बजेट</th><th>खर्च</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>३२१९४६</td><td>२८२५८०</td><td>६६८८०</td><td>५३९०५</td><td>१६१७९४</td></tr>
<tr><td>२</td><td>पुँजीगत खर्च तर्फ</td><td>२०१७१६</td><td>१६२९५७</td><td>६७९२</td><td>३०५२७</td><td>१२५६३६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५२३६६२</td><td>४४५५३७</td><td>७३६७२</td><td>८४४३२</td><td>२८७४३०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.४४ करोड ५५ लाख ३७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७ करोड ३६ लाख ७२ हजार अर्थात १६.५४ प्रतिशत, दोस्रो चौमासिकमा रु.८ करोड ४४ लाख ३२ हजार अर्थात १८.९५ प्रतिशत र तेस्रो चौमासिकमा रु.२८ करोड ७४ लाख ३० हजार अर्थात ६४.५१ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.१५ करोड ३२ लाख १३ हजार अर्थात ३४.३९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ५.४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
| --- | --- | --- | --- | --- |
| १ | आर्थिक विकास | ५८६१९ | ४८२६७ | १०.८३ |
| २ | पूर्वाधार विकास | ११५१०६ | ८८६६७ | १९.९ |
| ३ | सामाजिक विकास | २३९४४६ | २१८१७२ | ४८.९७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५६५७ | १०२५५ | २.३ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९४८३३ | ८०१७६ | १८.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>६</td><td>वातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr><tr><td colspan="2">**जम्मा**</td><td>५२३६६२</td><td>४४५५३७</td><td>१००</td></tr></table><br><br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामजिक विकासमा सबैभन्दा बढी ४८.९७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.३० प्रतिशत खर्च गरेको देखिन्छ । साथै वातावरण तथा विकासमा बजेट विनियोजन र र खर्च गरिएको छैन । | |
| ५.५ | | | **खर्च बिश्लेषण:** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.२४ लाख ६३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.४३ करोड १७ लाख १३ हजार समेत रु.४३ करोड ४१ लाख ७६ हजार आम्दानी गरेकोमा चालु तर्फ रु.२८ करोड २५ लाख ८० हजार र पुँजिगत तर्फ रु.१६ करोड २९ लाख ५७ हजार गरी जम्मा रु.४४ करोड ५५ लाख ३७ हजार खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५५ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु.५९ लाख ६० हजार खर्च गरेको छ जुन आन्तरिक आयको २४१.९८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.४२ प्रतशित चालु, ३६.५७ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिएबमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६२९५७५२५।४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ । | |
| ७ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वक्षेणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकिय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म २१ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर, कृषि अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ८ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले इन्जिनियर, बचत तथा ऋण परिचालक, सव इन्जिनियर, स्वास्थ्य तर्फका २० जना, समेत ४२ जना कर्मचारी करारमा राखी वार्षिक करार सेवा शुल्कबापत रु.८४२२६३९।० खर्च लेखेको छ । कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कानुन बमोजिम मात्र पदपुर्ति गरेर खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कर्मचरी कल्याणकारी कोष**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलब बाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि कोष निर्माण गर्ने गरेको देखिएन । अत नियमावलीमा भएको व्यवस्था भएको अनुसार कोष निर्माण गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १० | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको आन्तरिक आय रु.२४६३२८४।० रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३९९३०११ खर्च गरेको पाईयो । जुन जम्मा आन्तरिक आम्दानीको ६२।१० प्रतिशत बढी हुन जान्छ । आन्तरिक आम्दानी भन्दा पनि विविध खर्च बढी छ । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **आर्थिक सहायता** | |
| ११.१ | | | **आर्थिक सहायता वितरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ ।पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले कार्यविधि तयार गरी यस वर्ष १४४ जनालाई रु.३०००।० देखि रु.२५०००।० दरले रु.१२६५०००।० आर्थिक सहायता वितरण गरेको छ । पालिकाको आन्तरिक आय रु. २४६३२८४।० को ५१.३५ प्रतिशत आर्थिक सहायतामा खर्च गरेको छ । न्युन आन्तरिक आम्दानी भएको अवस्थामा अधिक रुपमा आर्थिक सहायता वितरण गर्ने गरेको देखिएकोले आर्थिक सहायता वितरण गर्ने क्षमता नाएर यस्ता खर्च गर्ने गर्नुपर्दछ । | |
| ११.२ | | | **आर्थिक सहायताको अनुगमनः** चुरे गाउँपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा नं. ५(१) अनुसार वितरण भएको आर्थिक सहायताको चौमासिक रुपमा एकमुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृतले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यपालिको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.१२६५०००।० आर्थिक सहायता वितरण गरेकोमा त्यसको अध्यावधिक विवरण तयार गरेको छैन भने कार्यापालिकाको बैठकमा समेत पेश गरेको देखिएन । अत कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| १२ | | | **बेरुजु लगत**<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको छ । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्यौंट लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ । | |
| १३ | | | **न्याय सम्पादन अवस्था**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा न्याय सम्पादनको अवस्था सम्बन्धी विवरण माग गरेकोमा उक्त विवरण उपलब्ध भएन । जसबाट न्यायिक समितिको काम कारबाहीको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाबाट सम्पादन भएका कामहरुको व्यवस्थित अभिलेख नराख्नु उचित देखिएन । अत न्याय सम्पादनको अवस्था एकिन गरी विवरण अध्यावधिक गर्नुपर्दछ । | |
| १४ | | | **कानून निर्माणको अवस्था**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस कार्यालयले विगत वर्षहरुमा २३ वटा कानुनहरु निर्माण गरेकोमा यस वर्ष कुनै पनि कानुन निर्माण गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छैन । पालिकाले आफ्नो क्षेत्र अधिकार भित्रको राजश्व संकलन, नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन । नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानीय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ । | |
| १५ | | | **ठेक्का अभिलेख**<br><br>ठेक्काबाट काम हुने सबै सार्वजनिक निकायले म. ले. प. फा. नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म. ले. प. फा. नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । पालिकाले लेखापरीक्षणको क्रममा विवरण माग गर्दा सामान्य रुपमा विवरण उपलब्ध गराए तापनि तोकीएको ढाँचा बमोजिमको ठेक्का विवरण अध्यावधिक गरी नराखेको कारण प्राप्त हुन सकेन । अतः तोकीएको ढाँचामा विवरण तयार गरि अध्यावधिक राख्नुपर्दछ । | |
| १६ | | | **निजि विद्यालय व्यवस्थापनः**<br><br>यस पालिकामा २ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको छैन । | |
| १७ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br><br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाँउपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १८ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कोरोना कोष-<br><br>आर्थिक वर्षभरिमा पालिकाको कोरोना कोषमा गत वर्षको अ.अल्या रु. २५००००० रहेकोमा सो सम्बन्धि विवरण निम्नानुसार छ :-<br><br>
<table>
<tr><th>आय</th><th>रु.</th><th>व्यय</th><th>रु.</th></tr>
<tr><td>गत वर्षको अ.ल्या संघ</td><td>२५०००००</td><td>औषधि र अन्य खरिद</td><td>७०००००</td></tr>
<tr><td>संघ सरकारको अनुदान</td><td>-</td><td>आइसोलेसन केन्द्र मर्मत</td><td>९१५०००</td></tr>
<tr><td>प्रदेश सरकारको अनुदान</td><td>-</td><td>विविध</td><td>८८५०००</td></tr>
<tr><td>पालिका</td><td>-</td><td></td><td></td></tr>
<tr><td>अन्य स्रोत</td><td>-</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>बाँकी</td><td>-</td></tr><tr><td>जम्मा</td><td>२५०००००</td><td></td><td>२५०००००</td></tr></table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कोभिड १९ बाट प्रभावितलाई राहात वितरण<br><br>कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाइ राहत वितरण कार्यविधि २०७८, अनुसार कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाई सरकारले प्रतिपरिवार रु.१०,००० नगद वितरण गर्न पालिकालाई प्राप्त भएको रु. ३५६०००० मध्ये ३५० जनालाई रु. ३५००००० वितरण गरेको छ । कार्यविधि अनुसार वास्तविक पिडित पहिचान गरी समानुपातिक हुने किसिमले वितरण गर्नुपर्नेमा त्यस्तो भएको देखिएन यस्ता कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>बेमौसमी वर्षाको क्षतिपूर्ती<br><br>२०७८ असोज ३१ देखि कार्तिक ५ सम्म परेको बेमौसमी वर्षाका कारण भएको धानवाली क्षतिको राहत स्वरुप जिल्ला प्रशासन कार्यालय कैलालीबाट पालिकालाइ प्राप्र भएको पेश्की रु. १८३४७६८ मध्ये ३६२ जना लाभग्राहीलाई रु. ९२४९०७ वितरण गरि बाँकि रहेको रु. ९०९८५६ मध्ये रु. ४५८७४० मिति २०७९/०३/३० मा, रु. ४५१११६ मिति २०७९/०३/३१ मा सम्बन्धित निकायमा फिर्ता गरेको छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पेश्की व्यवस्थापन</td><td></td></tr>
<tr><td>२२.१</td><td></td><td></td><td>पेश्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ ।</td><td>६,२५७,३५७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयले देहायबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फस्यौंट नगरेकोले नियमानुसार पेश्की फस्यौंट गर्नुपर्दछ । रु.
<table>
<tr><th>सि.नं.</th><th>पेश्कीकोविवरण</th><th>पेश्कीलिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th colspan="2">पेश्की रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>म्याद ननाघेको</td><td>म्याद नाघेको</td></tr>
<tr><td>१</td><td>उत्कृष्ट कृषकहरुलाई कृषि औजार वितरण</td><td>सहायक चौथो श्री देव बहादुर शाह</td><td>०</td><td>४००००.०</td></tr>
<tr><td>२</td><td>एकल महिला तथा एकल पुरुषहरुका लागि न्यानो कपडा वितरण</td><td>सहायक चौथो श्री देव बहादुर शाह</td><td></td><td>४००००.०</td></tr>
<tr><td>३</td><td>अपाङ्गता भएका व्यक्तिहरुका लागि न्यानो कपडा वितरण</td><td>सहायक चौथो श्री देव बहादुर शाह</td><td>०</td><td>२००००.०</td></tr>
<tr><td>४</td><td>दलित विपन्न परिवारका बालबालिकाहरुका लागि शैक्षिक सामाग्री वितरण</td><td>सहायक चौथो श्री देव बहादुर शाह</td><td>०</td><td>४००००.०</td></tr>
<tr><td>५</td><td>मिलनपुर देखि चौट्टे सम्म विद्युत विस्तार</td><td>नेपालि विद्युत प्राधिकरण धनगढी वितरण केन्द्र</td><td>०</td><td>१००००००.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>गाउँ भासु विद्युत विस्तार</td><td>नेपालि विद्युत प्राधिकरण धनगढी वितरण केन्द्र</td><td>०</td><td>६९३०९९.०</td></tr>
<tr><td>७</td><td>विद्युत विस्तार चुरे ६</td><td>नेपालि विद्युत प्राधिकरण धनगढी वितरण केन्द्र</td><td>०</td><td>१९८९६७०.०</td></tr>
<tr><td>८</td><td>विद्युत विस्तार</td><td>ने.वि.प्रा. सामुदायिक ग्रामीण विद्युतीकरण विभाग</td><td>०</td><td>२४३४५८८.०</td></tr>
<tr><td>९</td><td>वडा नं. ३ को प्राशासनिक भवन निर्माण (बहुबर्षिय)</td><td>पृथ्वी कन्ष्ट्रक्सन</td><td>१०९८०००.०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०९८०००.०</td><td>६२५७३५७.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>कार्यक्रम पेश्की- सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लिने, लिएको पेश्की फछ्र्यौंट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौंटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| २२.३ | | | **उपभोक्ता समितिलाई पेश्की** - उपभोक्ता समितिहरुमार्फत् कार्यान्वयनमा ल्याईएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षभित्र फछ्र्यौंट नहुने गरी पेश्की समेत उपलब्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिई काम गराएको पनि देखिन्छ । आ.व. को अन्त्यतिर पेश्की दिई काम गराउँदा गुणस्तरयुक्त काम नहुन सक्ने र अनुगमन मुल्याङ्कनमा पनि कठिनाई हुन सक्ने हुँदा यस्तो प्रकृयाबाट काम गराउने प्रकृयामा सुधार हुनुपर्दछ । | |
| २३ | | | **आन्तरिक लेखापरीक्षण** | |
| २३.१ | | | स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ। | |
| २३.२ | | | **आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भए पनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठन भई आन्तरिक लेखापरीक्षकको व्यवस्था नहुँदा आन्तरिक लेखारीक्षण नभई आर्थिक कारोवारमा वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी अन्तिम लेखापरीक्षण हुनु अगावै आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोबार चुस्त एवं दुरुस्त राख्नु पर्दछ । | |
| २४ | | | **अवकाश कोषको व्यवस्था** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ अनुसार स्थानीय सेवाको कर्मचारी अवकाश हुँदा कानुन बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तीभरण,औषधि उपचार लगाएतका सबै सुविधा अवकाश कोषबाट उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले स्व. कर्ण बहादर धामीलाई यस वर्ष रु.५८५८४४।० उपदान भुक्तानी गरेकोमा उपदान कोषबाट भुक्तानी नगरी चालु खर्च शिर्षकमा कर्मचारी कल्याणकारी कोष कार्यक्रम राखी सोही शिर्षकबाट भुक्तानी गरेको छ । पालिकाले अवकाश कोषको व्यवस्था गरी सोही कोषबाट रकम खर्च गर्नुपर्नेमा चालु खर्च शिर्षकबाट उपदान वापतको रकम भुक्तानी गर्नु मनासिव देखिदैन । अत कोषमा आवश्यक रकम व्यवस्था गरी सोही कोषबाट अवकाश कर्मचारीको दायित्व भुक्तानी गर्नुपर्दछ । | |
| २५ | | | **ग्रामिण जलस्रोत परियोजनाका कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारीचालक, सयस, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकीदार, मालि, बगैंचे लगाएतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेख पद वाहेकका ग्रामिण जलस्रोत परियोजनाका अन्तर्गतका तीन जना कर्मचारीलाई परियोजनाको म्याद २०७८ चैत्र मसान्त देखि समाप्त भएकोमा स्पष्ट कार्ययोजना, तथा कार्यविवरण वेगर म्याद थप गरी प्रति महिना रु.११८९४२।० का दरले ३ महिनामा रु.३५६८२६।० पारिश्रमिक भुक्तानी गरेको छ । यसरी म्याद थप गरी करारमा कार्य गराउँदा निजहरुलाई उपदान कोष वापत ८.३३%, कर्मचारी संचय कोष वापत १०%, फिल्ड भत्ता वापत मासिक रु.३/२ हजार र मासिक सञ्चार खर्च रु.५००।० थप भुक्तानी गरेको छ । परियोजनाको म्याद समाप्त भएको अवस्थामा परियोजनामा कार्यरत कर्मचारीलाई पालिकाले म्याद थप गर्नु तथा करार कर्मचारीलाई तोकीए भन्दा बढी सुविधा उपलब्ध गराउनु मनासिव नदेखिएको रु. | ३५६,८२६ |
| २६ | | | **पदाधिकारी सुविधा**<br><br>नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट आ.व. २०७८/७९ मा रु. ५९६०५०९।० सुविधा वापत भुक्तानी भएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ । जुन आन्तरिक आयको २४१.९७ प्रतिशत रहेको छ । आन्तरिक आयको दायरा वृद्धि गरी सुविधा भुक्तानी गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| २७ | | | **भुत प्रभावी कानुन निर्माण**<br><br>चुरे गाउँपालिकाको साविक स्थानीय निकायबाट स्थायी नियुक्ति भएका कर्मचारीहरुको सेवा अवकास (सेवामा रहँदा मृत्यु भएका समेत) पछि दिइने सेवा सुविधा सम्बन्धि कार्यविधि, २०७८ निर्माण गरेको छ र उक्त कार्यविधि कार्यपालिकाबाट २०७८।१२।२ मा पारित भएको छ । पालिकाले कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री कर्ण बहादुर धामी मिति २०७७।७।१३ मा मृत्यु भएकोमा सो पश्चात अर्थात २०७८।१२।२ मा कानुन बनाई सोही आधारमा उपदान वापत रु.५८५८४४।० भुक्तानी दिएको छ । यसरी भुत प्रभावी कानुन निर्माण गरी सेव सुविधा भुक्तानी हनि मिल्दैन । | |
| २८ | | | **सामाजिक सुरक्षा भत्ता वितरण**<br><br>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत सनराईज बैंक र गोर्खाज फाईनान्सबाट जम्मा रु. ४९९११३३४ वितरण गरेको विवरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :- | |
| २८.१ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| २८.२ | | | पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत सनराईज बैंक र गोर्खाज फाईनान्सबाट जम्मा रु. ४९९११३३४ वितरण गरेको विवरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २८.३ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको र बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध गराएको छैन । पालिकाले डोरम्याट खाताहरुको विवरण छानविन गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| २९ | | | **योजना कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा ३ मा योजना वनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने, स्थानीयहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, लैंगिक समानता र समावेशीकरण अभिबृदि हुने, महिला,बालबालिका, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । तर पालिकाले आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना नवनाई साना साना टुक्के कामका लागि वजेट विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ । यस्ता योजनाहरु स्थानीय आवश्यकता का आधारमा भन्दा पनि मागका आधारमा छनौट गर्ने गरेको देखिन्छ । साथै छनौट भएका योजना कार्यान्वयन गर्दा एकै प्रकृतिका कामहरु सम्भव भए सम्म एउटै प्याकेज वनाई खरिदमा प्रतिस्पर्धा गराई लागत प्रभावी ढंगवाट काम गर्नु पर्नेमा धेरै निर्माणकार्य उपभोक्ता समिति मार्फत एवं दररेट माग गरी साना फर्महरुवाट खरिद एवं निर्माण कार्य गराउने गरेको कारण गुणस्तरयुक्त, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिगो एवं दीर्घकालिन आय आर्जन र रोजगारीमा योगदान पुग्ने खालका निर्माण कार्यहरु न्यून मात्रामा भए गरेको देखियो । पालिकाले यस तर्फ विशेष ध्यान दिदै ठूला एवं दीर्घकालमा जनताको रोजगारी आयआर्जन र जीवनस्तर उकास्ने खालका योजना तर्जुमा र कार्यान्वयनलाई साथ साथै लैजानु पर्दछ । | |
| ३० | | | **योजना कार्यान्वयन**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समितिलेल पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । पालिकाको वडा नं मा घोडथर सायल बबैना सडक निर्माण कार्यका लागि रु ४७७०७१४।४६ को लागत अनुमान तयार गरी उपभोक्ता समति मार्फत काम गर्न मिति २०७८।१२।३० मा गाउपालिकाले रु ४०६४३००। व्यहोर्ने गरी सम्झौता भएको पाईयो । सम्झौता वमोजिम उपभोक्ता समितिले उक्त निर्माण कार्य २०७९ को जेष्ठ मसान्त सम्ममा सम्पन्न गर्नु पर्ने छ । तर उपभोक्ता समिति आफैले सम्पूर्ण काम नगरी चुरे निर्माण सेवा चुरे ४ मार्फत रु २३१६०३९।७५ को काम गराई बांकी काम रु ७००७८२।१२ उपभोक्ता समितिले गरेको भनी रु ३०१६८२१।८७ को कार्य १३ दिनमा सम्पन्न गरेको भनी कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको देखियो । एकातिर सम्द्धौता वमोजिमको काम नभएको अवस्थामा समेत कार्य सम्पन्न प्रतिवेन तयार भएको देखियो भने अर्कोतिर १३ दिनमा नै उक्त कार्य सम्पन्न गर्न सक्ने अवस्था समेत देखिदैन । उक्त कार्यका सम्बन्धमा पालिकाबाट स्पष्ट पार्नुपर्ने देखिन्छ । | |
| ३१ | | | **अपुरो कामको भुक्तानी**<br><br>पालिकाको वडा नं मा रु ११०४९२६।६९ लागत अनुमान भएको र पालिकाबाट रु ९५००००। व्यहोर्ने सहजपुर लिफ्टिङ्ग खानेपानी निर्माण योजना उपभोक्ता समिति मार्फत गर्ने गरी सम्झौता भएको पाईयो । सो काम मध्ये २०७९।१।११ मा सामान खरिद भएको रु ५५८२९५।६३ र खन्ने पुर्ने कार्यको रु १८२६८१।२८ गरी रु ७४०९७६।९१ को काम सम्पन्न भएको भनी पालिकावाट रु ६७९०००। भुक्तानी भएको पाईयो । सम्झौता वमोजिम बांकी काम नभएको सम्वन्धमा जिज्ञासा राख्दा काम भएको तर मापदण्ड अनुसार गुणस्तरीय काम नभएको भनी भुक्तानी नदिएको व्यहोरा खुल्न आयो । सम्झौता वमोजिम गुणस्तरयुक्त नभएको उक्त कार्य उपभोक्ता समितिले हाल सम्म पनि सच्याई नसकेको र अधुरो अवस्थामा नै रहेको | ६७९,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाईयो । भुक्तानी दिएको अंशमा खन्ने पुर्ने कामको पनि भुक्तानी दिएको र उक्त कार्य पनि गुणस्तरयुक्त नभएको देखिन्छ । सम्झौता वमोजिमको सम्पूर्ण कार्य नभएको अवस्थमा पालिकाले उपभोक्ता समितिलाई भुक्तानी दिएको उचित देखिएन । अत पालिकाले उक्त खानेपानी योजनाको कामका लागि उपभोक्ता समितिलाई जिम्मेवार वनाउदै सम्झौता वमोजिम गुणस्तरयुक्त काम भएको प्रमाण पेश गर्नु पर्ने रु | |
| ३२ | | | **पूर्व निर्धारित क्षेतिपूर्ति**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षेतिपूर्ति दिनु पर्ने व्यवस्था छ ।वडा नं २ को प्रशासकीय भवन निर्माणको रु १०२११९८२।६५ को ठेक्का मिति २०७७।२।९ मा निर्माण व्यवसायी श्री अमन एण्ड ईसा कन्सट्रक्सन प्रा लि संग १३ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको पाईयो । सम्झौता वमोजिम उक्त कार्य २०७८।३।९ सम्ममा सम्पन्न गरी सक्नु पर्दछ ।तर लेखापरीक्षण अवधि सम्म पनि सो ठेक्काको म्याद थप भएको छैन । अत समयमा काम सम्पन्न नगर्ने उक्त निर्माण व्यवसायीलाई सम्झौता रकमको दश प्रतिशतले हुने रु १०२११९८। पूर्व निर्धारित क्षेतिपूर्ति लगाई म्याद थप गरेर निर्माण कार्य सम्पन्न गर्नु पर्ने रु१०२११९८। | १,०२१,१९८ |
| ३३ | | | **वढी भुक्तानी**<br><br>३२।२०७८।९।४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करारका शर्त वमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाको वडा नं ५ मा गाँउपालिका जलश्रोत विकास कोष अन्तरगतको खानेपानी योजनाको सिस्नेखोला खानेपानी उपभोक्ता समितिलाई RVWRMP को मिति २०७८।९।१ को पत्रानुसार पालिकाको पुँजीगतबाट रु ११०९०००। भुक्तानी दिनु पर्ने देखिन्छ । यस भौचरवाट उक्त समितिलाई गत विगतको पेश्की रु ६५१४००। कटाई भुक्तानी दिनु पर्नेमा नकटाई पुरै भुक्तानी दिएको कारण वढी भुक्तानी हुन गएको रु ६५१४००। सम्वन्धित वाट असुल गर्नु पर्ने रु | ६५१,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **सडक गुरुयोजना र अभिलेख**<br><br>पालिकाले आफ्नो क्षेत्र भित्रका सडकको अभिलेख राखी ति सडकहरुको निर्माण स्तरोन्नती मर्मत संभार तथा संचालनको उचित प्रवन्ध गर्नु पर्दछ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गीकरण गरी सोही वमोजिम सडक निर्माण स्तरोन्नती तथा मर्मत सम्वन्धमा सडक गुरु योजन तयार गरी सोही वमोजिम कार्य हुनु पर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समिति एवं निर्माण व्यवसायी मार्फत सडक निर्माण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखियो । | |
| ३५ | | | **ग्रमिण विधुतिकरण धरौटी**<br><br>१७२।२०७९।१।४ ग्रमिण विधुतिकरण नियमावली २०७१ बमोजिम नेपाल विधुत प्राधिकरणले आफ्नो प्रणाली अन्तर्गतका ग्राहकहरुलाई प्रदान गर्नु पर्ने सेवा तथा सुविधाहरु प्रचलित नेपाल कानून वमोजिम गठन भएको वितरक संस्था संग सम्झौता गरी त्यस्तो संस्था मार्फत ग्राहकलाई सामूदायिक रुपमा विधुत सेवा तथा सुविधा गराउने गरे अनुसार वडा नं १ को निगाली विधुत सहकारी संस्था लिमिटेड कैलालीलाई निर्माण गर्न लाग्ने अनुमानित लागत अनुमान रकम रु २४३४५८८०।३७ को १० प्रतिशत रकम रु २४३४५८८। धरौटी स्वरुप जम्मा गरी सम्झौता गर्न आउनु भनी मिति २०७८।१२।२३ मा पत्राचार गरेको पाईयो । सोही प्रयोजनका लागि वडास्तरीय वजेटमा व्यवस्था गरी पालिकाले सो रकम नेपाल विधुत प्राधिकरण सामूदायिक ग्रमीण विधुतिकरण विभागको खातामा मिति २०७९।१।४ मा पेश्की स्वरुप भुक्तानी दिएको पाईयो । पालिकाले उक्त विधुत सहकारी संस्था लिमिटेड संग सम्झौत नगरी उक्त रकम भुक्तानी दिएको छ । साथै भविष्यमा काम समपन्न भए पश्चात फिर्ता हुनु पर्ने रकम धरौटीमा जम्मा हुनु पर्नेमा धरौटी खर्च नभनी पेश्की खर्च लेखेको छ । अत पालिकाले निगाली विधुत सहकारी संस्था लिमिटेड संग सम्झौता गरी विधुत प्राधिकरणलाई भुक्तानी दिएको रकम काम सम्पन्न भए पश्चात पालिकाको संचित कोषमा जम्मा हुने गरी धरौटी आम्दानी वांध्नु पर्ने रु | २,४३४,५८८ |
| ३६ | | | **निर्माण कार्यमा धरौटी कट्टी नगरेको** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लिखित रकमको पांच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी संग दर रेट माग गरि सोझै सम्झौता गर्ने गरी निर्माण कार्य गराएकोमा निर्माण कार्यको अन्तिम रकम भुक्तानी गर्दा नियमानुसार पांच प्रतिशत धरौटी कट्टा गर्ने गरेको पाईएन । धरौटी कट्टा नगरी भुक्तानी भएका केही उदाहरण यस प्रकार छन् ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>बीजक रकम र धरौटी</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायी र बिजक रकम</th></tr>
<tr><td>१८।२०७८।७।२९</td><td>रु४१७००२।८९।मा धरौटी रु २०८५०। कट्टा नगरेको</td><td>वडा नं ४ अन्तर्गतका कोटगडा देखि कटौजी सम्मको सडक मर्मत कार्य</td><td>चुरे निर्माण सेवा, चुरे ४ कैलालीको</td></tr>
<tr><td>१९।२०७८।७।२९</td><td>रु ४३३४४४।२४ मा धरौटी रु २१६७२। कट्टा नगरेको ।</td><td>वडा नं ४ अन्तर्गतका कटौजी देखि गार्भा सम्मको सडक मर्मत कार्य</td><td>के वी निर्माण सेवा कैलाली</td></tr>
<tr><td>९५।२०७८।८।८</td><td>रु ३३५५१८।७५ मा धरौटि रु १६७७६।कट्टा नगरेको</td><td>वडा नं १ अन्तर्गतको अलाङ चटकपुर तथा पलाडी चोट्टे सडक सफाई</td><td>जानकी दिसी कन्सट्रक्सन प्रा लि धनगढी</td></tr>
</table>
यसरी धरौटि कट्टा नगरी भुक्तानी दिने कार्य नियमानुसार नभएकोले आगामी दिनमा सम्झौता गरी गराएका निर्माण कार्यमा धरौटी कट्टा गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>पूर्व निर्धारित क्षेतिपूर्ति</td><td>६३२,०७९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रमः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकयालाई सम्झौता रकमको दश प्रतिशतमा नवढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षेतिपूर्ति दिनु पर्ने व्यवस्था छ ।वडा नं १ र ३ मा सहजपुर अलाड सडक निर्माणाका लागि रु ३६११८८१९।११ मा मिति २०७७।२।९ मा निर्माण व्यवसायी श्री जागृत निर्माण सेवा प्रा लि संग २०७८ आषाढमा सम्पन्न गर्ने गरी सक्ने गरी सम्झौता भएको पाईयो । सम्झौता पश्चात कार्यापालिकाको २०७८ भाद्र ४ को बैठकले २०७८ श्रावण देखी २०७८ पौष सम्म म्याद थप गरेकोमा पुनः२०७८।१०।४ को कार्यपालिका वैठकले अर्को एक महिना म्याद थप गरी २०७८ माघ सम्ममा काम सम्पन्न गर्नु पर्ने देखिन्छ । तर निर्माण व्यासायीले सो काम थपिएको अवधि भित्र सम्पन्न नगरी २०७८ चैत्र ५ मा सम्पन्न गरेको पाईयो । अत तोकिएको अवधिमा काम सम्पन्न नगर्ने उक्त निर्माण व्यवसायीलाई सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतका दरेले ३५ दिनको ६३२०७९। पूर्व निर्धारित क्षेतिपूर्ति असुल गर्नु पर्ने रु | |
| ३८ | | | **उपभोक्ता समितिले सब कन्ट्रयाक्ट गरेको**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समितिलेल पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन । कुनै कारण वस सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्वन्धमा आवश्यक जांच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्नेछ भन्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न कार्य उपभोक्ता समितिबाट गर्ने गरी सम्झौता गरेकोमा ति उपभोक्ता समितिले सो काम आफै नगरी निर्माण व्यवसयीवाट गराएको पाईयो । उपभोक्ता समितिले पेश गरेको निर्माण व्यवसायीको विजकमा उपभोक्ता समितिले गर्नु पर्ने कामको अंश समेत समावेश गरी जारी गर्ने गरेको पाईयो । उपभोक्ता समितिले गर्नु पर्ने कामको अंश समेत समावेश गरी विजक जारी गरेको आधारमा उपभोक्ता समितिहरु निर्माण कार्यमा सहभागी नै नभएको अवस्था देखिन्छ । एकातिर उपभोक्ता समितिको मर्म र भावना अनुसार काम नभएको अवस्था देखियो भने अर्कोतिर निर्माण व्यवसायीबाट निर्माण गराउदा प्रतिस्पर्धात्मक विधिबाट निर्माण व्यवसायी छनौट गरेर काम गराउनु पर्ने व्यवस्थाको पालना समेत भएको छैन । सब कन्ट्रयाक्टर मार्फत काम गराएको केही विवरण यस प्रकार छन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ नं र मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>भुक्तानी भएको रकम</td><td>सब कन्ट्रयाक्टरको नाम</td><td>कन्ट्रयाक्टरको विजक उपभोक्ताको अंश समेत</td></tr>
<tr><td>९५।२०७८।१२।२</td><td>जगाती ओमखरे मोटर बाटो मर्मत तथा विस्तार योजना उपभोक्ता समिति</td><td>२४४४००।</td><td>आर आर एस कन्ट्रक्सन मालाखेती ७ अत्तरिया</td><td>२७९२९९।१८</td></tr>
<tr><td>९७।२०७८।१२।२</td><td>सल्लेखाल देखि जिमिट्टेखान जोडने कृषि सडक निर्माण उपभोक्ता समिति</td><td>७३९७१६।</td><td>ज्यास्मिन निर्माण सेवा चुरे ३</td><td>८८४७५७।४३</td></tr>
<tr><td>१२८।२०७८।१२।१७</td><td>भौमरे देखि हिनजिरे हुदै गेटडाँडा जोडने सडक निर्माण उपभोक्ता समिति</td><td>४८४३५९।</td><td>चुरे निर्माण सेवा चुरे ४</td><td>५८४१२०।</td></tr>
<tr><td>१३४।२०७८।१२।१८</td><td>मलायडांडा देखि समली हुदै डिजिरे जोडने कृषि सडक निर्माण उपभोक्ता समिति</td><td>४११५५६।</td><td>चुरे निर्माण सेवा चुरे ४</td><td>४७३५७७।६६</td></tr>
<tr><td>१५३।२०७८।१२।२८</td><td>देउराली मौरी चौमला सडक थप ट्रयाक निर्माण कार्य उपभोक्ता समिति</td><td>१४५४२८५।</td><td>आर आर एस कन्ट्रक्सन मालाखेती ७ अत्तरिया</td><td>१८३६३६२।८८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९६।२०७९।१।१५</td><td>घोडथर सायल बबैना सडक निर्माण उपभोक्ता समति</td><td>२३१६०३९।७५</td><td>चुरे निर्माण सेवा चुरे ४</td><td>२३१६०३९।७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
हेभि इक्वीपमेन्टको प्रयोग
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभाग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजिनक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत संचालित अधिकांश सडक निर्माण तथा स्तरोन्नति सँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, स्काभेटर लगायतका हेभी मिशिन प्रयोग गरी कार्य गराएकोमा नियमावलीको व्यवस्था वमोजिम सम्वन्धित प्राविधिकको सिफारिस गराई गाँउ कार्यपलिकाको कार्यालयवाट सहमती लिएको पाइएन । यसरी उपभोक्ता समितिवाट उपकरण प्रयोग गरी काम गराउदा प्रतिस्पर्धा नहुने ,कामको गुणस्तर नहुने, पूर्णरुपमा मेशिनको प्रयोग गरी काम गराउदा रोजगारी सृजना नहुने अवस्था भएकोले यस तर्फ पालिकाले ध्यान पुर्याउनु पर्न देखिन्छ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>योजनाको नाम</th><th>कूल खर्च रकम</th><th>मेशिन प्रयोग गरी भएको खर्च</th><th>प्रयोग गरेको हेभि ईक्वीपमेण्ट</th></tr>
<tr><td>१८।२०७८।७।२९</td><td>वडा नं ४ अन्तगर्तगका काटेगडा देखि कटैजी सम्म सडक मर्मत</td><td>४७१२१३।</td><td>४१७००२।८९</td><td>स्काभेटर</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९।२०७८।७।२९</td><td>वडा नं ४ अन्तगर्तगका कटैजी देखी गार्भा सम्म सडक मर्मत</td><td>४८९७९१।</td><td>४२३४४४।२४</td><td>स्काभेटर</td></tr>
<tr><td>९७।२०७८।१२।२</td><td>सल्लेखाल देखि जिमिट्टेखान जोडने कृषि सडक निर्माण</td><td>७३९७१६।</td><td>८८४७५७।४३ उपभोक्ताको अंश समेत</td><td>स्काभेटर</td></tr>
<tr><td>१२८।२०७८।१२।१७</td><td>भौमरे देखि हिनजिरे हुदै गेटडाँडा जोडने सडक निर्माण</td><td>४८४३५९।</td><td>५८४१२०। उपभोक्ताको अंश समेत</td><td>स्काभेटर</td></tr>
<tr><td>१३४।२०७८।१२।१८</td><td>मलायडांडा देखि समली हुदै डिजिरे जोडने कृषि सडक निर्माण</td><td>४११५५६।</td><td>४७३५७७।६६ उपभोक्ताको अंश समेत</td><td>स्काभेटर</td></tr>
<tr><td>१५३।२०७८।१२।२८</td><td>देउराली मौरी चौमला सडक थप ट्र्याक निर्माण कार्य</td><td>१४५४२८५।</td><td>१८३६३६२।८८ उपभोक्ताको अंश समेत</td><td>स्काभेटर</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>योजना अनुगमन<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ को उपदफा (४) ख मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने काम कर्तव्य र अधिकार उपाध्यक्षको रहेको छ । वडा नं ३ मा रहेको भानु मा वि चित्रपुरमा रु १७९४४०३।७१ को खेल मैदान निर्माण कार्यको पालिकाबाट रु १४५८३५७। भुक्तानी भएको छ । उक्त</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण कार्यको अनुगमन वडा नं ३ का वडा सचिव श्री देव वहादुर शाहले २०७९।१।२१ मा अनुगमन गरी भुक्तानी दिएको पाईयो । ऐनमा भएको व्यवस्था वमोजिम उपाध्यक्ष वा निजले तोकेको वडाका अन्य प्रतिनिधि भएको समिति सम्मिलित समितिले अनुगमन तथा सुपरिवेक्षण नगरी वडा सचिवको एकल सदस्यबाट अनुगमन तथा सुपरीवेक्षण गरी योजना सम्पन्न भएको र भुक्तानी भएको उचित देखिएन । | |
| ४१ | | | **पाईप खरिद'**<br><br>पालिकाले वडास्तरीय कार्यक्रम अन्तर्गत वजेटमा राखी कुनै वडाहरुका लागि खानेपानीका पाईप नै खरिद गर्ने गरेको एवं कतिपय वडाहरुले खानेपानी मर्मतमा वजेट विनियोजन गरी खर्च गर्ने गरेको देखियो ।एकै प्रकृतिको कामको लागि कुनै वडाले खानेपानी पाईप खरिदमा वजेट व्यवस्था गर्ने गरेको एवं कुनै वडाहरुले खानेपानी मर्मतमा वजेट व्यवस्थापन गरी खर्च गर्ने गरेकोमा एकरुपता देखिएन । साथै पाईप खरिदमा वजेट राख्ने गरेको साथै खानेपानी मर्मत भित्र पनि पाईप खरिद गर्ने गरेको कारण पाईप खरिद दोहोरो हुन सक्ने देखिन्छ । पालिकाले वजेट व्यवस्था र खर्च गर्ने प्रकृयाम एकरुपता कायम गर्नु पर्ने दिखिन्छ । | |
| ४२ | | | **बोलपत्र मुल्याङ्कन**<br><br>वडा नं ३ को प्रशासकीय भवन निर्माण कार्यको ठेक्का निर्माण व्यवसायी श्री पृथ्वी कन्सट्रक्सन कोट तुल्सीपुर संग म्याद थप समेत २०७९ चैत्र मसान्त सम्ममा सम्पन्न गर्ने गरी रु ७०६२२८८।६६ मा मिति २०७८।९।२२ मा सम्झौता भएको ठेक्का फाईल परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय वमोजिम छन् | |
| ४२.१ | | | **बोलपत्र परीक्षाण र मूल्याङ्कनः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ७१ मा बोलपत्रको परीक्षण र मूल्याङ्कन गर्न सार्वजनिक नियकालयले सार्वाजनिक खरिद नियमावलीको नियम १४७ मा व्यवस्था भए वमोजिमको मूल्याङ्कन समिति गठन गर्नु पर्ने व्यवस्था छ ।उक्त प्रशासकीय भवन निर्माण कार्यको ठेक्का लगाउने कार्य ईविडिङ्गका माध्यमबाट गरेकोमा ५ वटा बोलपत्र पेश हुन आएकोमा तुलनात्मक तालिका तयार गरी सवै भन्दा घटि कबोल गर्ने श्री पृथ्वी कन्सट्रक्सन कोट तुल्सीपुर छनौट गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भनी रु ७०६२२८८।६६ मा मिति २०७८।९।२२ मा सम्झौता भएको पाईयो । तर पालिकाले बोलपत्रको परीक्षण र मूल्याङ्कन कार्यका लागि ऐनमा भएको उपर्युक्त व्यवस्था वमोजिम मूल्याङ्कन समिति गठन गरी बोलपत्रदाताको परीक्षण र मूल्याङ्कन गरी प्राप्त निष्कर्षका आधारमा निर्णय गरी सम्झौता गरेको पाईएन । यसरी ऐनको पालना नगरी निर्णय गर्ने कार्य नियम संगत देखिएन । | |
| ४२.२ | | | **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा कार्यसम्पदन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढि अवधिको हुनु पर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको काम सक्नु पर्ने मिति २०७९ चैत्र मसान्त सम्मका लागि भएकोमा कृषि विकास बैंक लिमिटेडबाट जारी भएको कार्यसम्पादन जमानत रकम रु १३८४०००। को मान्य अवधि २०८१ वैशाख मसान्त सम्म हुनु पर्नेमा २०८० श्रावण २० सम्म सम्म मात्रको भएकोले १३ महिना वरावरको कार्य सम्पादन जमानत पेश हुनु पर्ने रु | १,३८४,००० |
| ४३ | | | **सफ्टवेयर जडान**<br><br>पालिकाले यस आर्थिक वर्षमा ३ वटा सफ्टवेयर जडानमा रु.१३१९१६९.०खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् । | |
| ४३.१ | | | **लागत अनुमान तयार नगरेको —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार कुनै पनि खरिद कार्यमा लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा देहायबमोजिमको सफ्टवेयर खरिद गरेकोमा लागत अनुमान स्वीकृत गरी सोझै ३ वटा फर्मबाट दररेट माग गरी न्युनतम कवोल गर्ने फर्मबाट खरिद गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना गरि खरिद कार्य गर्नुपर्दछ । | |

| भौ.नं | सफ्टवेयरको नाम | आपूर्तक | रकम | कैफियत |
|---|---|---|---|---|
| १५५-९।९ | राजस्व सफ्टवेयर | सफ्टेक इन्फोसिस प्रा.ली. | ३४९१७०.० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५६-९।९</td><td>योजना व्यवस्थापन सफ्टवेयर</td><td>योङ्ग इन्नोभेसन्स् प्रा.ली.</td><td>४९५३९९.०</td><td></td></tr>
<tr><td>२७-६।२२</td><td>इ- हाजिरी</td><td>पर्फेक्ट सलुसन्स प्रा.ली.</td><td>४७४६००.०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३१९१६९.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>प्रयोगको अवस्था —पालिकाले जडान गरेको राजस्व सफ्टवेयर लेखापरीक्षणको अवधिमा आंशिक मात्र प्रयोगमा आएको र योजना व्यवस्थापन सफ्टवेयर कुनै प्रयोगमा नरहेको प्रतिक्रिया पालिकाले दिएको छ । सफ्टवेयर जडान र सञ्चालन प्रक्रिया नै एकिन नगरी खरिद गरेको तर प्रयोग नभएको कारण यसको उपयोग हुन सकेको छैन । योजना व्यवस्थापनको लागि महालेखा नियन्त्रक कार्यालयले सुत्रमा नै योजना प्रणाली सञ्चालन ल्याउने जनाएको अवस्थामा समेत पालिकाले खरिद कार्य गर्नु उचित देखिदैन ।</td><td></td></tr>
<tr><td>४३.३</td><td></td><td></td><td>ई- हाजिरीको प्रयोग —पालिकाले यस वर्ष ईलेक्ट्रोनिक्स हाजिरी सफ्टवेयर जडान गरेको छ । तर लेखापरीक्षण अवधिसम्म उक्त हाजिरीको आंशिक प्रयोग गरेता पनि पूर्ण प्रयोग गरेको पाइएन । पालिकामा इलेक्ट्रोनिक्स हाजिरीको साथसाथै म्यानुअल हाजिरि समेत हुने गरेबाट त्यसको प्रभावकारीता भएको मान्न सकिएन । अत कार्यालयले जडान गरेको इलेक्ट्रोनिक्स हाजिरीको पुर्ण प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.४</td><td></td><td></td><td>स्वीकृती- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विधुतिय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धित कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउनु पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले २ वटा सफ्टवेयर खरिद गरी रु.८४४५६९.० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृति लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ४३.५ | | | **पालिकाबाट निर्णय नभएको –** पालिकाले गाउँसभाबाट वजेट विनियोजन गरेको आधारमा सफ्टवेयर खरिद गरेको देखिन्छ । तर जडान तथा सञ्चालन प्रक्रियामा कुनै निर्णय भएको देखिदैन । पालिकाले सुचना, तथ्याङ्क, राजश्व जस्ता विषयमा असर पार्ने विषयमा कुनै कार्य गर्दा पालिकाबाट स्वीकृत लिएर मात्र खर्च गर्नुपर्दछ । | |
| ४४ | | | **झोलुङ्गे पुल निर्माणमा सामाग्री खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (३) अनुसार निर्माण व्यवसायीले पेश गरेको रनिङ्ग विल वा अन्य कुनै विजक र कागजात सम्बन्धित अधिकारीले ३० दिनभित्र स्वीकृत गरी खरिद सम्झौता अनुसार सार्वजनिक निकायले त्यस्तो विल वा विजकको अवधि भित्र भुक्तानी समेत गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सायल ववइना खोला झोलुङ्गे पुल पार्ट खरिदको लागि लुम्बिनि इन्जिनियरिङ्ग वर्क्स प्रा.ली.लाई भौ.नं. १९ मिति २०७८।९।३० मा अन्तिम विल वापत रु.९१५४५२।० भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा ठेक्का प्रक्रिया, सम्झौता सम्बन्धि कागजात प्राप्त नभएकोले सम्झौता अवधि लगाएतको परिक्षण गर्न सकिएन । पेश भएको ठेक्का विल अनुसार मिति २०७८।४।२२ मा सम्पन्न गर्ने गरी मिति २०७८।३।२२ मा सम्झौता भएको उल्लेख छ । आपूर्तकले मिति २०७८।४।८ मा सामान चेकजाँचको निवेदन दिएको र पुन २०७८।५।२२ मा पत्र काटेको देखिएता पनि उक्त पत्रमा तोकादेश तथा कार्यालयमा दर्ता भएको छैन । साथै सामाग्रीको विजक मिति २०७८।६।११ मा जारी भएता पनि कार्यालयबाट मिति २०७८।९।२८ मा मात्र नापी नगरि २०७८।९।३० मा भुक्तानी भएको छ । नियमावली अनुसार व्यवसायिले विजक पेश गरेको ३० दिन भित्र भुक्तानी दिइसक्नु पर्ने व्यवस्था रहेकोमा के कारणले ढिलाई भएको हो सो सम्बन्धमा कुनै प्रमाण संलग्न नभएकोले सो सम्बन्धमा एकिन हुन सकिएन । नापी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ढिलाई भएकोमा म्याद थप पनि भएको देखिएन । यसरी आपूर्तकले निवेदन दिए पश्चात स्पष्ट कारण वेगर नापी गर्न ढिलाइ गर्ने कर्मचारीलाई जिम्मेवार वनाउँदै तोकीएको समयमानै काजगात स्वीकृत गरी भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४५ | | | **नविकरणिय उर्जा प्रविधि जडान**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने तथा नियम ३९(१०) बमोजिम खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । साथै रकम खर्च गर्दा निश्चित मापदण्ड तयार गरि सोही अनुसार मात्र खर्च गर्नुपर्दछ । पालिकाले नविकरणिय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत यस वर्ष रु.९९७१२०।० मा ५० वाट क्षमताका ८० थान सोलार खरिद गरेको छ । खरिद गरिएका सोलार वितरण गरेको प्रतिक्रिया दिएतापनि वितरण भर्पाइ, सोलार प्राप्त गर्ने लाभग्राही छनौटको आधार, मापदण्ड लगाएतको विवरण संलग्न रहेको पाइएन । त्यस्तै पालिकाले खरिद गरेका उक्त सोलार पाम्समा पनि दाखिला गरेको देखिएन । अतः सोलार दाखिला गरेको प्रतिवेदन, लाभग्राही छनौटको आधार, मापदण्ड र निर्णय तथा वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने रु. | ९९७,१२० |
| ४६ | | | **साझेदारी कम देखिएको**<br><br>कुनै योजनाको रकम भुक्तानी गर्दा तोकिए अनुसारको अंश एकिन गरी सम्बन्धित क्षेत्रबाट सोही अनुसार स्रोतगत रुपमा रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले ग्रामिण जलस्रोत परियोजना तर्फ सञ्चालित योजनाहरु मध्ये नमूनाको रुपमा छनौट गरी परिक्षण गर्दा देहायबमोजिमका योजनामा सम्बन्धित स्रोत फरक पारि गाउँपालिका तर्फको रु.१२२६५३२.७ कम रकम भुक्तानी गरेको पाइयो । गाउँपालिका तर्फबाट कम भुक्तानी गर्दा नेपाल सरकार र फिनल्याण्ड सरकारको लागत साझेदारी बढी भएको देखिन्छ । पालिकाको लागत साझेदारी कम भएको रकम सम्बन्धित स्रोतमा सोधभर्ना गरी सोको प्रमाण पेश गर्नुपर्ने रु. | १,२२६,५३२.७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>योजनाको नाम</td><td>सम्झौता अनुसार अंश</td><td>सम्पन्न अंक</td><td>हुनुपर्ने साझेदारी</td><td>भएको साझेदारी</td><td>कम साझेदारी</td></tr>
<tr><td>१</td><td>आमपानी वहुपयोगी योजना</td><td>४०%</td><td>४०३०८५.२१</td><td>१६१२३४.०</td><td>१०००००.०</td><td>६१२३४.०</td></tr>
<tr><td>२</td><td>स्वालम्वी महिला साना किसान संस्था लि.</td><td>४०%</td><td>५३१८८१.०</td><td>२१२७५२.४</td><td>१०७०००.</td><td>१०५७५२.४</td></tr>
<tr><td>३</td><td>लेतेखोला तल्लो सिम्ती सिँचाइ</td><td>२०%</td><td>२८१४८३९.३९</td><td>५६२९६७.८</td><td>५६६१०६.८१</td><td>-३१३८.९</td></tr>
<tr><td>४</td><td>मेलकट्टेश्वर मा.वि. शैचालय निर्माण</td><td>४०%</td><td>३०५९३६.०७</td><td>१२२३७४.४</td><td>०</td><td>१२२३७४.४</td></tr>
<tr><td>५</td><td>बाह्रमासे छहरा वहुउपयोगी खानेपानी तथा सरसफाइ योजना</td><td>२५%</td><td>५९६४१०७.३८</td><td>१४९१०२६.८</td><td>५५०७१६.०</td><td>९४०३१०.८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१२२६५३२.७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>तराई मधेश समृद्धि कार्यक्रम<br><br>तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को बुँदा नं. ५(१) अनुसार आयोजना संचालनको लागि कार्यक्रमको तर्फबाट अधिकतम सत्तरी प्रतिशत र स्थानिय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । पालिकाले</td><td>१,७४३,५०५.५१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
यस आर्थिक वर्षमा देहायबमोजिमका कार्य तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालन गरेकोमा पालिकाको लागत साझेदारी रहेको नदेखिएकोले कार्यविधि अनुसारको कम्तिमा ३०% लागत साझेदारी अंक कार्यक्रमा फिर्ता गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>सम्पन्न अंक</th><th>भुक्तानी रकम</th><th>पालिकाको योगदान अंश</th></tr>
<tr><td>१</td><td>९०</td><td>महिला सामुदायिक भवन निर्माण वडा नं. ५</td><td>३२७६४१२.३५</td><td>२९०४१५७.९२</td><td>८७१२४७.३८</td></tr>
<tr><td>२</td><td>९२</td><td>महिला सामुदायिक भवन निर्माण वडा नं. ५</td><td>३३४२२३७.८६</td><td>२९०७५२७.११</td><td>८७२२५८.१३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>१७४३५०५.५१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
कार्यसम्पन्न प्रतिवेदन पेश नभएको<br><br>
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुँदा नं. १० अनुसार स्थानीय तहबाट सञ्चालित कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन र मुल्यांकन गर्नेत तथा बुँदा नं. ११ अनुसार कामको प्रकृति अनुसार तीन किस्तामा रकम माग गर्ने, कार्यसम्पन्न गर्ने, तोकीएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने, सामाजिक परिक्षण र लेखापरीक्षण गर्ने गराउने कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयलाई सुरुपमा पेश्की स्वरुप रकम निकासा गरेकोमा पुनः प्रमाण कागजात संलग्न नगरी पेश्की फस्यौंट गरी थप रकम समेत निकासा गरेको छ । कार्यविधिमा भएको व्यवस्था विपरित कार्यसम्पन्न प्रतिवेदन पेश नगरी सबै रकम भुक्तानी दिएको देखिएकोले खर्च रकमको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.
</td><td>९,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |
| ४९ | | | **निर्माण कार्यसंग सम्वन्धित कागजात**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुने बिल बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति नापी लिएको मिति कार्य सम्पन्न हुनु पर्न मिति कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन । यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ। | |

| क.सं. | विद्यालय | कार्यक्रम | रकम | किस्ता |
|---|---|---|---|---|
| १ | केदारेश्वर प्रा.वि. वडा नं. ४ | ४ कोठे भवन निर्माण | ३६००००००.० | |
| २ | भगवति मा.वि. | २ कोठे भवन निर्माण | १८००००००.० | |
| ३ | मेलकट्टेश्वर मा.वि. वयला | ४ कोठे भवन निर्माण | ३६००००००.० | |
| | जम्मा | | ९००००००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ५० | | | **आन्तरीक राजस्व** | |
| ५०.१ | | | निरीक्षण नभएको — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु. २४६३२८४ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन । साथै आम्दानी गर्दा राख्नुपर्ने मलेप फारामहरु समेत राखेको पाइएन । यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन । | |
| ५०.२ | | | रसिदको अभिलेख - कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यबस्था छ । पालिकाबाट रसिद ठेलीहरु छपाएर वडाहरूमा वितरण गरेर सोको अभिलेख राख्नुपर्ने व्यबस्था छ । छपाइ रसिद, खर्च रसिद, बाँकी रसिद र खर्च रसिदबाट भएको आम्दानी सम्बन्धमा अभिलेख राखि परीक्षण गरेको छैन । वडागत रुपमा पालिकाको समेत रु. २४६३२८४ संकलन गरेको छ । कार्यालयले समय-समयमा वडा कार्यालयहरुमा अनुगमन निरीक्षण गर्नुपर्नेमा सो गरेको पाइएन । यस्तो अवस्थामा पालिकाले सबै आय यथार्थरुपमा असुल गरी दाखिला गरेको छ भन्ने अबस्था रहेन । यस सम्बन्धमा तत्काल सुधार हुनुपर्दछ । | |
| ५०.३ | | | ढिला राजश्व दाखिला-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो | ९४,१६३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको निम्नअनुसारको राजश्व समयमै दाखिला नगरी ढिला दाखिला गरेको देखिएकाले नियमानुसार ब्याज असूल गर्नुपर्ने रु.
<table>
<tr><td colspan="5">वडा नं. ६ लक्ष्मी शाह</td></tr>
<tr><td>क्र.स</td><td>अवधि</td><td>रकम</td><td>दाखिला मिति</td><td>जरिवाना ब्याज समेत</td></tr>
<tr><td>१</td><td>साउन देखि कार्तिक मसान्त सम्मको</td><td>६९९४५</td><td>२०७८/०७/२४</td><td>६९९४</td></tr>
<tr><td colspan="5">वडा नं. २ ठगेन्द्र बहादुर बलामी मगर</td></tr>
<tr><td>२</td><td>साउन देखि कार्तिक मसान्त सम्मको<br>कार्तिक देखि अषाढ सम्मको</td><td>१३१७६<br>९२४०६</td><td>२०७८/०७/२४<br>२०७९/०३/२८</td><td>१०५५८</td></tr>
<tr><td colspan="5">वडा नं. १ हेम बहादुर बिष्ट</td></tr>
<tr><td>३</td><td>साउन देखि कार्तिक मसान्त सम्मको<br>माघ महिनाको<br>फाल्गुन देखि अषाढ सम्मको</td><td>९८२९१<br>२४१८०<br>९८७६०</td><td>२०७८/०८/१७<br>२०७९/०१/०२<br>२०७९/०३/२८</td><td>२२१२३</td></tr>
<tr><td colspan="5">वडा नं. ५ खगेन्द्र बहादुर बोहरा</td></tr>
<tr><td>४</td><td>साउन देखि अषाढ मसान्त सम्मको</td><td>१२०९३७</td><td>२०७९/०३/२२</td><td>२४९२५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>६९०००<br>५९३२०</td><td>२०७९/०३/१३<br>२०७९/०३/२२</td><td></td></tr>
<tr><td colspan="5">वडा नं. ४ वेद प्रसाद उपाध्याय</td></tr>
<tr><td>५</td><td>साउन देखि अषाढ मसान्त सम्मको</td><td>६४०५९<br>२३१५७४</td><td>२०७९/०३/२९<br>२०७९/०२/०१</td><td>२९५६३</td></tr>
<tr><td colspan="5">जम्मा ९४१६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>मसलन्द तथा कार्यालय सामाग्री<br><br>कार्यालयले कुनै पनि खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारि खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट रु.३४२०७८४।० रकम खर्च गरेकोमा सबै रकम सोझै विधिबाट खरिद गरिद खर्च गरेको छ । पालिकाले हरेक विलबाट १ लाख भन्दा सानो टुक्रा वनाइ खरिद गरेको देखिएकोले शिर्षक अनुसारको रकमलाई एकमुष्ट रुपमा प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>घरभाडा<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.७२५०००।० भुक्तानी गरेको पाईयो ।घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **इन्धन खर्च**<br><br>कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ ।कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.४२१६२३४।० ईन्धन वापत खर्च भएको पाईयो । कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक,कार्यविवरण माइल मिटर, सवारी साधन नं आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमा भएको भन्ने अवस्था देखिदैन । | |
| ५४ | | | **सेवा प्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९३२ |
| मृत्युदर्ता | ९८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बसाईसराई दर्ता</td><td>२५७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२०६</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>४</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td></tr>
</table>
पालिकालाई सेवा प्रवाह सम्बन्धि विवरण माग गरिएकोमा पञ्जिकरण बाहेकका सेवा प्रवाहको विवरण उपलब्ध गराएको छैन । वार्षिक रुपमा गरेको कार्यको विवरण नै उपलब्ध नगराउने कर्मचारीलाई जिम्मेवार बनाउँदै सेवा प्रवाह गरेको विवरण अध्यावधिक राख्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | 539 | २०७९-१-१४ | **तालिममा बढी भुक्तानी**<br><br>चुरे गाउँपालिकाको तालिम व्यवस्थापन तथा बैठक सञ्चालन कार्यविधि, २०७७ को परिच्छेद ५ बुँदा नं. ८ मा पालिमाका सञ्चालन गरिने तालिममा गरिने खर्च सम्बन्धि नर्म्सको व्यवस्था छ । पालिकाले कर शिक्षा सम्बन्धी छलफल कार्यक्रममा लागत अनुमान नै तयार नगरी सोझै दररेट माग गरी घटी दररेट पेश गर्ने युनिक विज्ञापन सेवा बाट कार्य गराउँदा कार्यविधिमा निर्धारण गरिएको भन्दा देहायबमोजिम रु. ११२९४०.० बढी भुक्तानी भएकोले बढी भुक्तानी रकमलाई नियमसम्मत मान्न नसकिएको रु. | ११२,९४० |

| क्र.सं. | विवरण | इकाइ | भएको परिमाण | भएको दर | हुनुपर्ने परिमाण | हुनुपर्ने दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | मुख्य प्रशिक्षक | सेशन | १० | ५०००.० | ८ | ३४००.० | २२८००.० |
| २ | सहायक प्रशिक्षक | सेशन | १० | ५०००.० | ० | ० | ५००००.० |
| ३ | सहभागि चिया नास्ता खाजा | जना | ५० | १०००.० | ५० | ५५०.० | २२५००.० |
| ४ | प्रतिवेदन खर्च | पट | १ | १९१४०.० | १ | १५००.० | १७६४०.० |
| | जम्मा | | | | | | ११२९४०.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **तालिम कार्यक्रम**<br><br>पालिकाले यस आर्थिक वर्षमा तालिम तथा सीपमुलक कार्यक्रम सञ्चालन गरी देहायबमोजिम रु.६९६०००.० खर्च लेखेको छ । तर यसरी तालिम लिएका सहभागिहरुको तथ्याङ्क पालिकामा राखेको पाइएन । जसबाट पालिकाले वर्षेनि तालिम कार्यक्रम सञ्चालनमा रकम खर्च गरिरहने तर उपलब्धी प्राप्त नहुने जोखिम रहन्छ । अत तालिम प्राप्त सहभागिको विवरण अध्यावधिक गरी तालिम प्राप्त व्यक्तिलाई व्यावसायिक क्रियाकलापमा सहभागि हुन प्रोत्साहन गर्नुपर्दछ । | |

| भौ.नं. | तालिम | अवधि | सहभागि संख्या | खर्च रकम |
|---|---|---|---|---|
| २९१ | थाकलबाट उत्पादित हस्तकलाका सामान उत्पादन सम्बन्धि १ महिने तालिम | १ महिना | १६ जना | ३४६०००.० |
| २९४ | थाकलबाट उत्पादित हस्तकलाका सामान उत्पादन सम्बन्धि १ महिने तालिम | १ महिना | १५ जना | ३५००००.० |
| | जम्मा | | | ६९६०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **वितरण कार्यक्रम**<br><br>पालिकाले वजेट विनियोजन गर्दा वितरणमुखि भन्दा उत्पादन वृद्धि हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा उत्पादनमुखि भन्दा पनि देहायबमोजिमका कार्यक्रममा रु.२२३३०३१।० खर्च लेखेको छ । तर उक्त वितरण कार्यक्रमको लगि लाभग्राही छनौटको आधार तथा मापदण्ड तयार गरेको देखिदैन । जसबाट सम्बन्धित व्यक्ति वा संस्थालाई रकम भुक्तानी गर्ने र उक्त व्यक्ति वा संस्थाले स्वविवेकिय निर्णयको आधारमा वितरण गर्ने गरेको देखिन्छ । जसले गर्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले हरेक वर्ष अनुदान वितरण गरिरहने तर सो वास्तरविक लाभग्राहीसम्म नपुगी अन्यत्र वितरण हुने जोखिम देखिन्छ । अतः वितरणमुखि भन्दा उत्पादन वृद्धि हुने कार्यक्रमा बजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ । | |

| भौ.नं. | कार्यक्रम | विरतण सामाग्री | परिमाण | रकम |
|---|---|---|---|---|
| १२६ | गहुँको विउ तथा तोरीको विउ वितरण | गहुँ तथा तोरीको विउ | - | १९९५६०.० |
| ३७९ | एकल महिला आय आर्जन कार्यक्रम | बाख्रा वितरण | १० वटा | ५००००.० |
| ४७४ | कृषि विउ विजन तथा औषधि खरिद | तरकारी विउ | १४ प्रकारका | १०००००.० |
| ४७९ | दलित आय आर्जन कार्यक्रम | बाख्रा | १२ | ९९९८४.० |
| ६४५ | महिला उत्थान कार्यक्रम | बाख्रा | १५ वटा | ९९८५५.० |
| ६८५ | मासु उत्पादनमा आत्म निर्भरता कार्यक्रम | बाख्रा | ४० वटा | ४०००००.० |
| ८१४ | दलितहरुका लागि आय आर्जन कार्यक्रम | वाख्रा | ३३ वटा | ३०००००.० |
| ८१८ | अपाङ्ग आय आर्जन कार्यक्रम | लोकल कुखुरा | २२२ वटा | ९९९००.० |
| ५३८ | कुमैनामा साना किसानका लागि बाख्रा वितरण कार्यक्रम | बाख्रा | ९ | ९९७७२.० |
| ४७१ | कार्यक्रम खर्च | मिनि टिलर | ५ थान | ३८४०००.० |
| ४८६ | कृषकहरुका लागि अदुवाको विउ वितरण | अदुवाको विउ | ९०.९ क्वी. | ३९९९६०.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२२३३०३१.०</td></tr></table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>डेरि उद्यमिलाई ५०% अनुदान<br><br>पालिकाले बजेट जुन प्रयोजनको लागि विनियोजन गरिएको हो उक्त उद्देश्य पुरा हुने गरि खर्च गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा डेरी उद्यमीलाई ५० प्रतिशत अनुदान कार्यक्रममा रु.५०००००।० बजेट विनियोजन गरेकोमा १० जना कृषकले रु.१ लाख बराबरका १० वटा भैंसी खरिद गरेको विजक पेश गरेको आधारमा खरिद रकमको ५० प्रतशत अर्थात रु.५ लाख रकम भुक्तानी दिएको छ । डेरि उद्यमीलाई डेरी उद्यम विकास सम्बन्धि कार्यक्रम सञ्चालन गर्नुको सट्टा पालिकाले भैंसी वितरण गर्न मिल्ने देखिदैन । यसरी डेरी उद्यमी छनौटको आधार पनि एकिन नभएको तथा डेरी उद्यमीले भैंसी पालन गर्छ भन्नेमा पनि एकिन हुँन सकिदैन । जसबाट खर्च रकमबाट तोकिएअनुसार नै कार्यक्रम सञ्चालन हुनेमा विश्वस्त हुन सकिदैन । अतः बजेट जुन प्रयोजनको लागि विनियोजन भएको हो त्यसमा मात्र खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>वालविकास केन्द्रलाई अनुदान<br><br>वालविकास केन्द्रको स्वीकृत तथा सञ्चालनको लागि साविक जिल्ला शिक्षा कार्यालयबाट स्वीकृत वाल विकास केन्द्र अनुसार सहजकर्ता तथा अन्य सञ्चालन तथा व्यवस्थापनको लागि पालिकालाई संघीय शसर्त अनुदान उपलब्ध हुँदै आएको छ । पालिकाले साविकमा स्वीकृत नभएका देहायबमोजिमका २ वटा विद्यालयलाई थप रु.१८००००.० अनुदान उपलब्ध गराएको छ । यस सम्बन्धमा कुनै निश्चित मापदण्ड नै तयार नगरी वडाबाट सञ्चालन अनुमति लिई बाल विकास केन्द्र सञ्चालन भएको छ । यसरी वडाबाट स्वीकृत लिइ सञ्चालन भएको र वडाबाट नै बजेट विनियोजन गरी अनुदान उपलब्ध गराउँदै आएको देखिन्छ । यसरी वडाबाट स्वीकृती लिइ वाल विकास केन्द्र सञ्चालन गर्न पाउने आधार, स्वीकृती प्रदान गरिएको पत्र समेत पेश नभएकोले भुक्तानी रकम नियमसम्मत नदेखिएको रु.<br><br><table><tr><td>भौ.नं.</td><td>बाल विकास केन्द्रको नाम</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr></table></td><td>१८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४२०-१२।१६</td><td>प्रगतिशिल बाल विकास केन्द्र, भासु</td><td>९००००.०</td><td rowspan="2">सहजकर्ताको पारीश्रमिक भुक्तानी भएको उल्लेख छ</td></tr>
<tr><td>५०८-१।७</td><td>भगवति बालविकास केन्द्र राजीगाउँ</td><td>९००००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८००००.०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>कृषकका लागि अदुवा वितरण<br><br>चुरे गाउँपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७७ को बुँदा नं. ६(ख)(२) मा विउ विजन सहयोग कार्यक्रममा बढिमा ७५% सम्म छुटमा कार्यक्रम गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कृषकहरुका लागि अदुवा विउ वितरण कार्यक्रम अन्तर्गत श्री काफल गौरा कृषि फर्मबाट रु.३९९९६०।० को ९०.९ क्वीन्टल अदुवाको विउ खरिद गरी कृषकलाई वितरण गरेकोमा कृषकले गर्नुपर्ने २५% लागत साझेदारी रु.९९९९०।० भएको देखिएन ।कार्यविधिमा भएको व्यवस्था विपरित शत प्रतिशत अनुदान उपलब्ध गराएकोले कृषकको साझेदारी हुनुपर्ने रकम समेत भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.</td><td>९९,९९०</td></tr>
<tr><td>६१</td><td>७८६</td><td>२०७९-२-२३</td><td>विद्यालय अनुगमन खर्च<br><br>कार्यालयले कर्मचारीलाई अनुगमन, मुल्यांकन तथा भ्रमण बापतको रकम भुक्तानी गर्दा भ्रमण खर्च नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा विद्यालय अनुगमन कार्यक्रमको लागि १६ जना कर्मचारी तथा पदाधिकारीलाई २ दिन देखि ७ दिन सम्म अनुगमन गरेको उल्लेख गरी सवै पदाधिकारीलाई दैनिक रु.१५००।० का दरले रु.१२००००।० र खाजा खाना खर्च वापत रु.२८०००।० समेत रु.१४८०००।० भुक्तानी गरेको छ । यसरी अनुगमन गरेको अवधिको भ्रमण आदेश स्वीकृत, भ्रमण विल, अनुगमन प्रतिवेदन लगाएतका प्रमाण कागजात पनि संलग्न भएको पाइएन । जसले गर्दा कार्यालय समयमा विद्यालय अनुगमन गरेको अवस्थामा समेत अनुगमन खर्च भुक्तानी भएको देखिएकले उक्त खर्चलाई नियमसम्मत मान्न नसकिएको रु.</td><td>१४८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **कागजात नभएको**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने व्यवस्था छ । कार्यालयले खैराला स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टरका लागि स्वास्थ्य सामाग्री खरिद कार्यक्रम अन्तर्गत खैराला स्वास्थ्य चौकीलाई रु.५००००।० रकम भुक्तानी गरेकोमा खर्च पुष्टयाई गर्ने विल भर्पाइ, प्रमाण कागजात संलग्न नभएकोले खर्च पुष्टयाईका कागजात पेश गर्नुपर्ने रु. | ५०,००० |
| ६३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्न अभिलेख राख्नुपर्दछ । | |
| ६४ | | | **मर्मत खर्च**<br><br>मर्मत खर्चः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सवारी साधन मर्मतमा रु.२६३२६३१।० खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन। | |
| ६५ | | | **बीमा तथा नविकरण खर्च** | १८,३२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयले आफ्नो मातहतमा रहेका जिन्सी सामाग्री, सवारी सधान लगाएतको लगत अध्यावधिक रुपमा राख्रे तथा नियमानुसार समय भित्रै विमा नविकरण गर्ने गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा पालिका अन्तर्गतका १९ सवारी साधनको विल बुक नविकरण गर्दा ढिलाई गरेको कारण रु.१८३२५।० जरिवाना भुक्तानी गरेको छ । कार्यालयमा रहेको सवारी साधन नविकरणमा ढिलाई गरेका कर्मचारीलाई जिम्मेवार बनाउँदै बढी व्यायभार परेको रकम नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>अनुगमन प्रतिवेदनः<br><br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत शिक्षा समितिको निणर्याथ तपशिल बमोजिमका छनौट भएका विद्यालयहरुलाई शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा Kits) खरिदका लागि अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले, माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई-पुस्तकालय समेत)का लागि अनुदान बापत विद्यालयलाई रु ६५००००.० का दरले प्रदान गर्ने व्यवस्था रहेको छ। पालिकाले उक्त अनुदान प्रदान गरेपश्चात शिक्षण सिकाईमा ICT को प्रयोग गरे नगरेको र पुस्तकालय स्थापना तथा व्यवस्थापन सम्बन्धी विद्यालयमा भएको प्रगति बारे अनुगमन प्रतिवेदन नभएको हुँदा सो सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>शिर्षक/कार्यक्रम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>जनता मा.वि. बैसेनी</td><td>विज्ञान प्रयोशाला अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>२</td><td>मसानी आ.वि.गुंणी</td><td>आई.सि.टि. अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३,००,०००.०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>

**शिक्षक दरवन्दी र पदपुर्ति-**

शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालिस र हिमाली क्षेत्रमा चालिस हुनुपर्ने व्यवस्था रहेको छ । यस पालिका अन्तर्गत विभिन्न तहका ५० सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छः

<table>
<tr><th>विद्यालयको संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>पदपुर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>प्रति शिक्षक बिद्यार्थी अनुपात</th></tr>
<tr><td>५०</td><td>१७८</td><td>१७८</td><td>२३</td><td>६,९००</td><td>१:५०</td></tr>
</table>

पालिकाले भौगोलिक क्षेत्र अनुसार हुनुपर्ने दरबन्दी पदपूर्ती गरी पठन पाठन प्रभावकारी बनाउनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>

**सेनिटरी प्याड गुणस्तर परीक्षणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले बि.पि.ट्रेड एण्ड सप्लायर्सबाट २६५३० परिमाणमा रु.१३,००,१८४.८९ बराबरको सेनिटरी प्याड खरिद गरेको पाईयो ।उक्त सेनिटरी प्याडको गुणस्तर सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन ।

</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमः**

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.१ | ३७१ | २०७९-३-२३ | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.६ मा छात्रवृत्तिको उपलब्धता,प्रयोग,शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगति सम्बन्धमा स्थानीय तहले आफै वा आफ्नो जनशक्ति परिचालन गरी अनुगमन गर्न गराउन सक्ने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०७८/७९ मा कक्षा ९ देखि १२ मा अध्ययनरत एउटा विद्यालयका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट छनौट भई आएका ९ जना विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति वापत रु.१,२६,०००.०० वितरण गरेको पाईयो ।पालिकाले उक्त विपन्न लक्षित छात्रवृत्ति अनुदानको प्रभावकारिता,उपलब्धता,प्रयोग तथा शैक्षिक प्रगति सम्बन्धमा अनुगमन गरी आर्थिक रुपले विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन विशेष ध्यान दिनुपर्दछ । | |
| ६९.२ | | | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.५ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयलाई गरिबी पहिचान फारम भर्न सूचना प्रवाह गर्ने तथा फारम वितरणका लागि विद्यालयलाई निर्देशन दिने सम्बन्धि व्यवस्था रहेको छ।पालिकामा कुल ५० विद्यालयका कक्षा ९ देखि १२ सम्म ९७० विद्यार्थी अध्ययनरत भएता पनि एउटा विद्यालयका ९ विद्यार्थीले मात्र विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेको पाईयो ।पालिकाले सम्पुर्ण विद्यालयका अधिकतम विपन्न तथा गरिब विद्यार्थीहरुको पहुँचमा बढाउन सबै सामुदायिक विद्यालयहरुलाई समयमानै सूचना प्रवाह गर्नुपर्दछ । | |
| ७० | | | **बितरण भर्पाई नभएकोः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । साथै नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट)विकास कार्यक्रम निरन्तरता अन्तर्गत | २९१,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आलु बिउ,मिनिटिलर,प्राङ्गारिक मल,रासायनिक मल र विषादी खरिद वापत सिद्धबाबा कृषक समुहलाई रु.२,९१,०००.०० भुक्तानी भएको पाईयो तर उक्त सामाग्रीहरु खरिद गरि समुहले क-कसलाई कति परिमाणमा वितरण गरेको हो सो सम्बन्धमा आवश्यक वितरण भर्पाई नभएकोले पेश हुनुपर्ने रु. | |
| ७१ | | | **अनुदानको अनुगमन र मूल्यांकनः**<br><br>अनुदान वितरण गर्दा तोकिएको उद्येश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम र वितरित अनुदानको प्रभावकारी अनुगमन र मूल्यांकन नहुने अवस्था छ ।अनुदानको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्यांकन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने अवस्था मिलाउनु पर्दछ । | |
| ७२ | २४२ | २०७९-३-२ | **बंगुर कुखुरा खरिद अनुदानः**<br><br>कार्यालयले आ.व.२०७८/७९ मा चार हप्ते लोकल कुखुराको चल्ला खरिद वापत १९ जनालाई बंगुर कुखुरा खरिद अनुदान अन्तर्गत २० जनालाई बंगुर र ६ जनालाई कुखुरा खरिद गर्न वडागत र कृषि शाखाको सिफारिस बमोजिम रु.५,५६,२००.०० नगद अनुदान वितरण गरेको पाईयो ।यसरी कृषकले खरिद गरेका बंगुर,कुखुरा निरोगि भए नभएको प्रमाणित नहुने हुँदा खर्चमा प्रभावकारिता, मितव्ययिता लगायत पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापनतर्फ कार्यालयको विशेय ध्यान पुर्याउनुपर्दछ । | |
| ७३ | | | **कृषि अनुदानः**<br><br>पालिकाले यस वर्ष कृषि अनुदानतर्फ साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम(निरन्तरता)५० प्रतिशत अनुदान अन्तर्गत ४ कृषक समुह तथा फर्मलाई मकै पकेट,आलु पकेट,तरकारी पकेट,अदुवा पकेट वापत रु.१६,००,०००.००,पुरानो फलफुल नर्सरी सुदृढीकरण कार्यक्रम अन्तर्गत ३ वटा कृषि तथा नर्सरी फर्मलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.७,५०,०००.०० र सुन्तला जात फलफुलको साना व्यवसायिक कृषि उत्पादनतर्फ ४ वटा कृषक समुह तथा सहकारी संस्थालाई रु.१६,००,०००.०० गरी कुल रु.३९,५०,०००.०० भुक्तानी गरेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्तिले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने,नाफामूलक हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ ।साथै अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुदान प्रतिवेदन समेत पेश गर्नुपर्दछ । | |
| ७४ | | | **स्वास्थ्य तर्फको तलबी प्रतिवेदन पारित नभएको:**<br><br>कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले आ.व. २०७८/७९ को स्वास्थ्य सेवा तर्फका १७ कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरि रु ८४,५१,१४०.४० खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन ।तलबि प्रतिवेदन समयमै पारित गरि तलब भुक्तानी गर्नुपर्दछ । | |
| ७५ | | | **औषधीको गुणस्तर:**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु. ३२,००,०००.०० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ । | |
| ७६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार वितरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सडक नाला, मोटर बाटो, ट्र्याक खोल्ने कार्य लगायतका १९ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष २४२ जनालाई रोजगारी उपलव्ध गराई रु. १३९०५७०० खर्च गरेको छ । लक्षित वर्गलाई न्यूनतम १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ७७ | | | **विद्यालय संचालन तथा व्यवस्थापन अनुदान**<br><br>पालिकाले यस आर्थिक वर्षमा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान कार्यक्रम राखी २२ विद्यालयलाई रु.४००००००।० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | |
| ७७.१ | | | EGRP कार्यक्रम — पालिका अन्तर्गत सञ्चालित विद्यालयका शिक्षकको पारिश्रमिक संघीय सशर्त अनुदान मार्फत निकासा भएको तथा प्रतिविद्यार्थी लागत अनुदानको रकम समेत संघीय सशर्त अनुदान मार्फत विद्यालयलाई उपलब्ध हुने गर्दछ । पालिकाले यस आर्थिक वर्षमा शिक्षा समितिको मिति २०७८।१२।१४ को निर्णयानुसार ४ विद्यालयमा रु.१ लाख दरले र २ विद्यालयमा रु.५० हजार दरले रु.५०००००।० अनुदान दिएको छ । यसरी अनुदान प्राप्त विद्यालयले उक्त रकम कुन कार्यक्रम तथा प्रयोजनमा खर्च गर्ने भन्ने सम्बन्धमा कुनै विवरण संलग्न भएको पाइएन । यसरी संघीय सशर्त अनुदान प्राप्त भएको तथा के | ५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रमको लागि खर्च गर्ने एकिन नगरी भुक्तानी दिनु मनासिव देखिएन । अत खर्च पुष्ट्याईका कागजात संलग्न राखि नियमित गर्नुपर्ने रु. | |
| ७७.२ | | | **व्यावस्थापन खर्च —**चुरे गाउँपालिकाको विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कार्यान्वयन कार्यविधि, २०७७ को बुँदा नं. ४ मा अनुदान प्राप्त गर्ने विद्यालय छनौटको लागि समयावधि तोकी सूचना प्रवाह गर्ने, सोही अनुसार प्रस्तावना विद्यालयले कार्यालयमा पेश गर्ने, प्रस्तावनालाई प्राथमिकीकरण गरी समितिको निर्णयबाट विद्यालयको खातामा रकम निकासा गर्ने उलेल्ख छ । पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालन नगरी सोझै समितिको निर्णयानुसार २२ विद्यालय तथा २ बाल विकास केन्द्रलाई रु.५००००।० देखि रु.३०००००।० सम्मका दरले रु.३५०००००।० अनुदान उपलब्ध गराएको छ । यसरी अनुदान प्राप्त रकम विद्यालयले कुन प्रयोजनको लागि के कार्यक्रममा खर्च गर्ने सम्बन्धमा कुनै विवरण उपलब्ध भएन । साथै विद्यालय छनौटको सुचना प्रकाशन, प्रस्ताव माग, प्रस्ताव पेश, प्राथमिकीकण लगाएतको प्रक्रिया नै पुरा नगरी सोझै विद्यालयको खातामा रकम निकासा गर्नु मनासिव देखिदैन । त्यस्तै स्पष्ट आधार र मापदण्ड वेगर कुनै विद्यालयलाई रु.५००००।० र कुनै विद्यालयलाई रु.३०००००।० अनुदान उपलब्ध गराउनु पनि उचित देखिदैन । अतः विद्यालयमा रकम उपलब्ध गराउने आधार, खर्च पुष्ट्याईका प्रमाण कागजात पेश गर्नुपर्ने रु. | ३,५००,००० |
| ७८ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br><br>सुरक्षित नागरिक आवासकार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को बुँदा नं. ५ अनुसार जस्तापाता तथा काठ लागएत सामाग्री खरिदको लागि ६० प्रतिशत रकम उपलब्ध गराउने र उक्त कार्य सकिपछि बाँकी रकम निकासा गर्ने उल्लेख छ । पालिकाले कार्यविधि अनुसार हालसम्म देहायबमोजिम रकम निकासा गरेको विवरण उपलब्ध गराएको छ । प्राप्त विवरण अनुसार हालसम्म १८१ जना लाभग्राहीले प्रथम किस्ता वापत रु.३३८१०००।० भुक्तानी लिएकोमा १५७ जनाले मात्र दोस्रो किस्ता वापत रु.४९५००००.० भुक्तानी लिएको देखिन्छ भने अझै २४ जनाले दोस्रो किस्ता लिन बाँकी रहेको देखिन्छ । यसरी निकासा गरेको रकमबाट सम्बन्धितले तोकीए अनुसारको सामाग्री खरिद गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको छैन । अतः सम्बन्धितले तोकीए अनुसारको कार्य गरे नगरेको एकीन गरी दोस्रो किस्ता वापतको बाँकी रकम निकासा गर्ने तथा प्रथम किस्ता वापतको रकमको तोकीएको बमोजिमको कार्य नगर्ने लाभग्राहिबाट उक्त रकम फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **अध्यक्ष उपाध्यक्ष शैक्षिक प्रवर्द्धन कार्यक्रम**<br><br>कार्यालयले कुनै रकम खर्च गर्दा रकम खर्च गर्ने प्रक्रिया, मापदण्ड वा कार्यविधि तयार गरी सोही अनुसार खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष अध्यक्ष उपाध्य शैक्षिक प्रवर्द्धन कार्यक्रम अन्तर्गत १६ प्रकारका खेलौना खरिद गरी वितरण गरेको आधारमा पि.के. स्टेशनरी एण्ड सप्लायर्सलाई रु.४९०३६९।० भुक्तानी दिएको छ । तीन वटा फर्मसंगबाट दररेट माग गरी खरिद गरेको भएतापनि उक्त सामाग्री खरिद गर्ने मापदण्ड कार्यविधि, सामाग्रीको लागत अनुमान, सम्झौता, खरिद सामाग्री पाम्समा दाखिला भएको प्रतिवेदन लगाएतका कागजात संलग्न रहेको पाइएन । अतः उल्लेखित प्रमाण कागजात पेश गर्नुपर्ने रु. | ४९०,३६९ |
| ८० | | | **महँगी भत्ताः**<br><br>अर्थ मन्त्रालयको मिति २०७९/०१/१५ को निर्णयानुसार करारमा कार्यरत कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन नसकिने परिपत्र जारि भएको छ ।कार्यालयले देहाय बमोजिमका करार कर्मचारीलाई महँगी भत्ता भुक्तानी गरेको पाइएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु. | २४,००० |

| क्र.सं. | कर्मचारीको नाम | पद | महँगी भत्ता भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १ | सुनिता कुमारी सिंह | ना.प्रा.स. | ६०००.०० | श्रावण,भाद्र र असोज महिनाको |
| २ | गिता उपाध्याय | ना.प्रा.स. | ६०००.०० | |
| ३ | जंग बहादुर चौधरी | ना.प्रा.स. | ६०००.०० | |
| ४ | खगेन्द्र बहादुर बोहरा | ना.प्रा.स. | ६०००.०० | |
| **जम्मा** | | | **२४,०००.००** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **बहाल कर कट्टा नगरेको** | २,४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आयकर ऐन,२०५८ को दफा ८८ र ९२ अनुसार व्यवसाय संचालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसंग गांसिएका जडानहरु र उपकरणहरु वापत भुक्तानी गरेको भाडा वापत १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिम ढुवानी कार्य गरे वापत बहाल कर कट्टी नगरेको पाईएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु
<table>
<tr><th>भौ/मिति</th><th>नाम</th><th>कार्यक्रम/प्रयोजन</th><th>भुक्तानी रकम</th><th>बहाल कर(१० %)</th></tr>
<tr><td>२७१/२०७९-०३-१३</td><td>बालकृष्ण विष्ट</td><td>आर.भि.ड्ब्लु,आर.एम.पी. योजना अनुगमन</td><td>३२०००</td><td>३२००(८०० मात्र बहाल कर कट्टा गरेको)</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२४००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>लघु उद्यम विकास कार्यक्रमः<br><br>उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।कार्यायले आ.व. २०७८/७९ मा मौरीपालन,कुखुरापालन,सिलाई कटाई तालिम,बेमौसमि तथा मौसमि तरकारी खेती संबन्धि तालिम लगायत लगायत नमकिन तथा चिप्स उत्पादन तालिम ८५ जनालाई प्रदान गरी रु.१५,७३,०५४.०० खर्च गरेको पाईयो ।यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८३</td><td></td><td></td><td>दाखिला नभएकोः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्ने व्यवस्था छ ।कार्यालयले ग्रिनलाईट मिडिया सेन्टरसंग सम्झौता गरी वृत्तचित्र निर्माण वापत रु. १,००,०००.०० भुक्तानी गरेको पाइयो तर सम्झौता अनुसार बिस जि.बी.को यु.एस.बी. जिन्सी आम्दानी बाँधेको पाइएन। कार्यालयले उक्त सामाग्रीकों जिन्सी दाखिला नगरेको जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१००,०००</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>वडा तर्फबाट विद्यालयलाई अनुदान<br><br>विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुन वडा कार्यालयबाट पनि विद्यालयलाई अनुदान कार्यक्रम राखि रकम भुक्तानी गरेको पाइयो । जसबाट एउटै विद्यालयमा समान क्रियकलाप सञ्चालनको लागि पालिकाको रकम नै फरक फरक गरि वितरण गर्दा अनुदानमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन । विद्यालयले पेश गरेको खर्च सम्बन्धि विल विजकमा फर्निचर, टवल कुर्सी, पाठ्यपुस्तक लगायतका सामाग्री खरिदमा खर्च गरेको देखिन्छ । तसर्थ क्षेत्रगत वजेटलाई एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>वडा नं.</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सिद्ध आ.वि.</td><td>६</td><td>१०००००.०</td><td>ल्यापटव, टेवल, कुर्सी खरिद</td></tr>
<tr><td>२</td><td>शिद्धबाबा आ.वि.</td><td>६</td><td>१०००००.०</td><td>डेस्क, वेन्च खरिद</td></tr>
<tr><td>३</td><td>ग्वाँसी आ.वि.</td><td>६</td><td>१०००००.०</td><td>पाठ्य पुस्तक खरिद</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>जनता मा.वि.</td><td>६</td><td>१०००००.०</td><td>कुर्सी, टेवल, कार्पेट खरिद</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४०००००.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा विगत वर्षको सम्परीक्षणको लागि अनुरोध भएको छैन तर आर्थिक वर्ष २०७७।७८ को सम्परीक्षण NAMS मार्फत गरिने हुँदा त्यसको सम्परीक्षणको जानकारी समेत सोही मार्फत नै गराइने छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजू(C=A-B)</th></tr>
<tr><td>८७२४७</td><td>०</td><td>८७२४७</td></tr>
</table>
</td><td></td></tr>
</table>